कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

6M2Q+5V7 Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८१/०८२ (कर्मचारी प्रशासन उपशाखा)

च.नं.:

## कृषि स्नातक प्राविधिक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना !

(सूचना प्रकाशन मिति २०८१/१०/२८)

कोहलपुर नगरपालिकाको आ.ब. २०८१/०८२ को सङ्घीय कार्यक्रम अन्तर्गत कृषि तथा पशुपन्छी मन्त्रालयबाट जारी भएको स्थानीय तहमा स्नातक प्राविधिक परिचालन कार्यविधि, २०८० बमोजिम देहायको संख्या र योग्यता भएको कर्मचारी करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिनभित्र कार्यालय समयमा राजस्व तिरेको रसिद सहित यस नगर कार्यपालिकाको कार्यालय (कर्मचारी प्रशासन उपशाखा) मा निवेदन पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि कोहलपुर नगरपालिकाको कर्मचारी प्रशासन उपशाखामा सम्पर्क राख्न सकिने व्यहोरा समेत अनुरोध गरिन्छ ।

तपसील

| वि.नं. | पद | संख्या | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|
| ५/२०८१-०८२ | कृषि स्नातक | १ (एक) | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको । | दरखास्त दस्तुर रु.१,००० |

(क) आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु:- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरु:

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- न्युनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र
- कामसँग सम्बन्धित अनुभव भए सो को प्रमाणपत्र
- ३ प्रति पासपोर्ट साइजको फोटो ।

(ख) परीक्षाको किसिमः छोटो सूची प्रकाशन, लिखित परीक्षा र अन्तर्वार्ता ।

(ग) सेवा सुविधा, कार्यविवरण तथा अन्यः- स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधी, २०८० बमोजिम हुनेछ।

..............................

(मान बहादुर गिरी)

प्रमुख प्रशासकीय अधिकृत

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

info@kohalpurmun.gov.np, admin.section@kohalpurmun.gov.np

+९७७-०८१-५४०००९

www.kohalpurmun.gov.np

www.facebook.com/kohalpurmun

www.twitter.com/kohalpurmun

# कोहलपुर नगरपालिका, बाँके

# कृषि स्नातक तहको लिखित परीक्षाको पाठयक्रम

यस पाठ्यक्रम योजनालाई दुई चरणमा विभाजन गरिएको छ :

प्रथम चरण: लिखित परीक्षा (Written Examination) पूर्णाङ्क: १००

द्वितीय चरण: अन्तर्वार्ता (Interview) पूर्णाङ्क: २०

**परीक्षा योजना(Examination Scheme)**

प्रथम चरण: लिखित परीक्षा(**Written Examination**) पूर्णाङ्क: १००

| पत्र | विषय | खण्ड | पूर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली | | प्रश्नसंख्याXअङ्क | समय |
|---|---|---|---|---|---|---|---|---|
| प्रथम | General Subject | Part I: General Awareness & General Ability Test | १०० | ४० | वस्तुगत (Objective) | बहुवैकल्पिक प्रश्न(MCQs) | ५० प्रश्न X १ अङ्क | १ घण्टा ३० मिनेट |
| | | Part II: General Technical Subject | | | | | ५० प्रश्न X १ अङ्क | |

द्वितीय चरण: अन्तर्वार्ता (**Interview**) पूर्णाङ्क: २०

| पत्र/विषय | पूर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|
| अन्तर्वार्ता (Interview) | २० | | अन्तर्वार्ता (Interview) | - |

द्रष्टव्य:

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।

२. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

३. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्क्रममा परेको सम्झनु पर्दछ ।

४. प्रथम चरणको परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको परीक्षामा सम्मिलित गराइनेछ ।